# क्लारीथ्रोमाईसीन (बीयाक्सीन)

## क्लारीथ्रोमाईसीन के हो ?

क्लारीथ्रोमाईसीन प्रतिजीवाणु (एन्टीबायोटीक) औषधि हो । अमेरीकामा यसको व्यापारीक नाम बीएक्सीन हो । अन्य देशहरूमा यो क्लासीड र मेभीडको नामले परिचित छ । प्रतिजीवाणु औषधिले जीवाणुद्धारा हुने संक्रमण विरूद्ध लड्ने कार्य गर्दछ । क्लारीथ्रोमाईसीनले एचआईभी संक्रमितहरूमा हुने अवसरवादी संक्रमणहरूलाई पनि आक्रमण गर्दछ । एबोटले यसको उत्पादन गर्दछ ।

## किन एचआईभी संक्रमितहरूले क्लारीथ्रोमाईसीन सेवन गर्दछन् ?

क्लारीथ्रोमाईसीन मन्द लगायत मध्यम जीवाणु संक्रमणको लागि प्रयोग गरिन्छ । यसले विभिन्न जीवाणुहरू विशेषत क्लामीडीया, हेमोफिलस र स्ट्रेप्टोकोक्कसको विरूद्धमा कार्य गर्दछ । यी जीवाणुहरूले छाला, नाक, घाँटी, फोक्सो र कानलाई संक्रमण गर्दछ ।

धेरै किटाणुहरू हाम्रो शरीर तथा वरवरको वातावरणमा वास गर्दछन् । स्वस्थ रोग प्रतिरोध प्रणाली तीनीहरूसँग लड्न तथा तीनीहरूलाई नियन्त्रित गर्न सक्षम हुन्छन् । तर एचआईभी संक्रमणले रोग प्रतिरोध प्रणालीलाई कमजोर गर्न सक्दछ । कमजोर रोग प्रतिरोध प्रणालीबाट फाईदा लिने संक्रमणलाई “अवसरवादी संक्रमण” भनिन्छ । जटील एचआईभी रोग भएका व्यक्तिहरूमा अवसरवादी संक्रमण हुन सक्दछ । अवसरवादी संक्रमणको बारेमा थप जानकारी तथ्य पत्र ५०० मा दिईएको छ । ५० भन्दा कम सीडी४ कोष गणना भएका केही मानिसहरू संक्रमणलाई रोक्न क्लारीथ्रोमाईसीनको सेवन गर्दछन् । सीडी४ कोषको बारेमा थप जानकारीको लागि तथ्य पत्र १२४ हेर्नुहोस् ।

एचआईभी संक्रमितमा हुने एउटा अवसरवादी संक्रमण माईकोबेक्टिरीएम एभम कम्प्लेक्स (एम सी ए) हो । एम सी एको बारेमा थप जानकारी प्राप्त गर्न तथ्य पत्र ५१४ हेर्नुहोस् । ५० भन्दा कम सीडी४ कोष गणना भएका मानिसहरूमा एम सी ए को विकास हुन सक्दछ ।

एम सी एको उपचार गर्न क्लारीथ्रोमाईसीन धेरै जसो अन्य प्रतिजीवाणु औषधिसँगसँगै प्रयोग गरिन्छ । यसलाई एम सी ए निषेध गर्नमा पनि प्रयोग गरिन्छ । यदी तँपाईको सीडी४ कोष गणना ५० भन्दा कम छ भने क्लारीथ्रोमाईसीन प्रयोग गर्नको लागि तँपाईको स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्नुहोस् ।

केही मानिसहरूलाई क्लारीथ्रोमाईसीन लगायत त्यस्तै खालका केही प्रतिजीवाणु औषधिप्रति एलर्जी (असामान्य प्रतिकृया) हुन सक्छ । यदी तँपाईलाई ईरीथ्रोमाईसीन वा अन्य प्रतिजीवाणु औषधिबाट असामान्य प्रतिकृया हुन्छ भने तँपाईको स्वास्थ्य सेवा प्रदायकलाई जानकारी दिन निश्चित गर्नुहोस् ।

## औषधि प्रतिरोधको सम्बन्धमा के छ ?

जति बेला तँपाई औषधि सेवन गर्नुहुन्छ शिफारिस गरिएको मात्राबारे सुनिश्चित हुनुहोस् । धेरै मानिसहरू सन्चो भएको महशुस भएमा औषधि प्रयोग गर्न छोड्दछन् । यो राम्रो विचार होईन । यदी औषधिले सबै जीवाणुहरूलाई नष्ट गरेन भने तँपाईले पुन औषधि लिनु भएता पनि तिनीहरू बाँच्न सक्ने हुन्छन् । जब यस्तो हुन्छ, औषधिले काम गर्न बन्द गर्छ । यसलाई “प्रतिरोधको विकास” भनिन्छ ।

जस्तै उदाहरणको लागि यदी तँपाई एम सी एको विरूद्ध लड्न क्लारीथ्रोमाईसीन सेवन गरिरहनु भएको छ र तँपाईले यसको धेरै मात्रा खान छुटाउनु भयो भने तँपाईको शरीरमा एम सी एले क्लारीथ्रोमाईसीनको विरूद्धमा प्रतिरोधको विकास गर्न सक्दछ । यस्तो अवस्थामा तँपाईले फरक खालको औषधि वा औषधिको संयोजन सेवन गर्नु पर्ने हुन्छ ।

## क्लारीथ्रोमाईसीन कसरी सेवन गर्न सकिन्छ ?

क्लारीथ्रोमाईसीन २५० मिलिग्राम र ५०० मिलिग्रामको चक्कीमा उपलब्ध गर्न सकिन्छ । यसबाट झोल तयार गर्न दानाहरू पनि पाईन्छ । क्लारीथ्रोमाईसीनको मात्रा र यो सेवन गर्ने अवधि तँपाईको संक्रमणको किसिममा भर पर्दछ ।

एम सी एको संक्रमणलाई रोक्न हरेक १२ घण्टामा ५०० मिलिग्राम क्लारीथ्रोमाईसीन सेवन गर्नु पर्दछ । जबसम्म तँपाईको सीडी४ कोषको गणना एम सी ए वृद्धिको लागि न्यून भईरहन्छ तबसम्म तँपाईको उपचारले निरन्तरता पाईरहन्छ । तँपाईको सीडी४ कोषको गणना तीन देखि छ महिनाको अवधिमा १०० भन्दा बढी हुन गएमा तँपाईको स्वास्थ्य सेवा प्रदायकले क्लारीथ्रोमाईसीनको प्रयोग बन्द गर्ने शिफारीस गर्न सक्छ ।

क्लारीथ्रोमाईसीनको नियमित चक्की खानासँग वा खाना बिना पनि प्रयोग गर्न सकिन्छ । यसको विस्तारीत रूप “बीएक्सीन एक्सएल” हो । बीएक्सीन एक्सएल खानाको साथमा सेवन गर्नु पर्दछ । खानाको साथमा बीएक्सीन एक्सएले पाचन सम्बन्धी समस्यालाई कम गर्न सक्दछ ।

क्लारीथ्रोमाईसीन एक गिलास भरी पानीसँग लिनुहोस् ।

## यसको नराम्रो असरहरू (साईड ईफेक्ट) के के हुन् ?

क्लारीथ्रोमाईसीनले मुख्य गरी पाचन प्रणालीलाई असर गर्दछ । यसबाट पखाला लाग्ने, वाकवाकी लाग्ने र पेट पोल्ने हुन्छ । केहीलाई टाउको दुख्ने र डावरा आउने हुन्छ । क्लारीथ्रोमाईसीन सेवन गर्ने धेरै कम मानिसमा मात्र यस्तो असरहरू देखिन सक्छन् । तर धेरै जसो एचआईभी जीवाणु विरूद्धको औषधि (ए आर भी)ले पाचन प्रकृयामा समस्या उत्पन्न गराउन सक्छ । क्लारीथ्रोमाईसीनले यस्ता समस्याहरूलाई थप बिगार गर्न सक्दछ ।

क्लारीथ्रोमाईसीनले कलेजोलाई असर गर्न सक्दछ । तँपाईको स्वास्थ्य सेवा प्रदायकले निश्चय पनि यसको सेवनबाट कलेजोमा कुनै खराबी गरेको छ की भन्ने बारेमा प्रयोगशाला परीक्षणको परिणामहरू हेर्नेछ । यदी तँपाईको पिसाब गाढा रङ्गको हुँदै गएमा वा आन्द्राको गती फिका रङ्गको हुँदै गएमा तँपाईको स्वास्थ्य सेवा प्रदायकलाई जानकारी दिनुहोस्

प्रतिजीवाणु औषधिले पाचन प्रणालीमा हुने केही महत्वपुर्ण जीवाणुहरूलाई नष्ट गर्दछ । त्यसलाई प्रतिस्थापन गर्न तँपाई दही वा अन्य पूरक खाद्य लिन सक्नु हुन्छ ।

## क्लारीथ्रोमाईसीनले अन्य औषधिहरूसँग कसरी प्रतिकृया गर्दछ ?

क्लारीथ्रोमाईसीनलाई कलेजोले ह्रास गर्न सक्दछ । यसले अन्य औषधिहरूसँग अर्न्तकृया गर्दछ । बैज्ञानिकहरूले सबै सम्भावित अर्न्तकृयाहरूको सम्बन्धमा हालसम्म अध्ययन गरेको छैन । क्लारीथ्रोमाईसीनले ननन्युक्लीवोसाईड विपरित ट्रान्सकीप्टेज निषेधकहरूसँग, रगत पातलो बनाउने औषधिहरूसँग, मुटु सम्बन्धी औषधिहरूसँग, अकस्मात हुने गम्भीर रोगको औषधिहरू लगायत अन्य प्रतिजीवाणु औषधिहरूसँग अर्न्तकृया गर्दछ । तँपाईले प्रयोग गरिरहनु भएको सबै औषधिको बारेमा तँपाईको चिकित्शकलाई जानकारी भएको बारे सुनिश्चित गर्नुहोस् ।

प्रोटीएज निषेधकहरू रीटोनाभीर (नोरभिर) लोपीनाभीर (कलेट्रा) र डारूनाभिर (प्रेजिस्ता) ले रगतमा क्लारीथ्रोमाईसीनेको मात्रालाई बढाउन सक्दछ ।

क्लारीथ्रोमाईसीनले जिडोभुडाईनको रगत मात्रालाई परिवर्तन गर्न सक्दछ ।

*संशोधित अगष्ट ३, २०११*

यो परियोजना नयाँ मेक्सिको एड्स शिक्षा तथा तालिम केन्द्रको हो । यसलाई नेशनल लाइब्रेरी अफ मेडिसिनले आंशिक रूपमा मौद्रिक सहयोग गरेको छ । तथ्य पत्रहरू ईन्टरनेट ठेगाना http://www.aidsinfonet.org बाट डाउनलोड गर्न सकिनेछ ।